# बाँसगढी नगरपालिका

# राजस्व सुधार कार्य योजना

## Revenue Improvement Action Plan (RIAP)


नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया



जेष्ठ, २०७५

**प्रकाशकः** **बाँसगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाँसगढी, प्रदेश नं. ५, बर्दिया ।**
**फोन नं.ः +९७७-०८४-४००१६१/४००१६२/४००१६३**
Fax No: ०८४ - ४००००२
Email: bansgadhimun@gmail.com
Website: bansgadhimun.gov.np

**प्रकाशन मितिः जेष्ठ, २०७५**

**सर्वाधिकारः बाँसगढी नगरपालिका**

**सहयोगी संस्थाः**

जर्मन सहयोग DEUTSCHE ZUSAMMENARBEIT giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

**जर्मन विकास नियोगको आर्थिक सहयोग तथा** Capacity Development of New Municipalities (CD-Mun) **मार्फत् जिआइजेडको प्राविधिक सहयोगमा ।**

# कृतज्ञता

बाँसगढी नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्य स्कोलर नेपाल प्रा. लि. किर्तिपुरलाई प्रदान गर्नुभएकोमा जर्मन विकास नियोग जी.आई.जेड. सि.डी.मुन. प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

यस कार्यमा निरन्तर सहभागी भई आफ्नो सल्लाह, सुझाव तथा समय दिनुहुने बाँसगढी नगरपालिकाका नगर प्रमुख शालिकराम अधिकारी, नगर उपप्रमुख सुष्मा चौधरी, प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिकाका सदस्यहरु लगायत नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु प्रति आभार प्रकट गर्दछु ।

राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यमा अनवरत सहयोग गर्नुहुने जर्मन विकास नियोग जी.आई.जेड. सि.डी.मुन. का प्रमुख प्राविधिक सल्लाहकार सञ्जीव पोखरेल तथा अन्य प्राविधिक सल्लाहकारहरुलाई पनि विशेष धन्यवाद व्यक्त गर्दछौं ।

अन्तमा, यस कार्ययोजना तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सरकारी, गैर सरकारी संघसंस्थाहरु, बौद्धिक व्यक्तित्वहरु लगायत सबै सरोकारवालाहरु प्रति आभार प्रकट गर्दछौं ।

स्कोलर नेपाल प्रा.लि. किर्तिपुर
सम्पर्क नं. ०१५५३८२०६
इमेलः scholar.nepal@hotmail.com

## कार्यकारी सारांश

राजस्व अधिकार र क्षमताको पूर्ण उपयोग गरी नगरपालिकाको वढ्दो प्रशासनिक खर्च ब्यवस्थापन र जनचाहना अनुसार विकास कार्य अगाडी बढाउन नगरपालिकाको आन्तरिक आय वृद्धि गर्नुपर्ने आवश्यकताको जगमा बाँसगढी नगरपालिकाको यो तीन वर्षे **राजस्व सुधार कार्ययोजना, २०७५** तयार पारिएको छ । यो कार्ययोजना जर्मन विकास नियोग, सिडीमुन तथा बाँसगढी नगरपालिकासँगको सहकार्यमा तयार पारिएको हो । यस दस्तावेजलाई बाँसगढी नगरपालिकाले आवश्यकता अनुसार कार्यपालिका र नगर सभाबाट अनुमोदन गराई कार्यान्वयन गर्ने विश्वास लिइएको छ ।

पर्याप्त आान्तरिक आयसंकलन गर्नसक्ने प्रबल सम्भावना बोकेको यस नगरपालिकाले कार्ययोजनाको सफल कार्यान्वयन पछि आय संरचनामा वाहय स्रोतको निर्भरता घटाई नगरको विकासलाई नगरवासीको चाहना अनुरुप तिब्रता प्रदान गर्न सक्नेछ । यसले कालान्तरमा नगरपालिकाको वित्तीय स्वायत्तता र सक्षमतामा पनि सकारात्मक प्रभाव पार्नेछ । तसर्थ वर्तमान समयमा नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नगरपालिकाको आर्थिक ऐनले नगरपालिकालाई प्रदान गरेको वित्तीय अधिकारको उपयोग गरी आन्तरिक राजस्व परिचालनमा सुधार ल्याउनको लागि तत्काल योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ ।

नगरपालिकालाई प्राप्त स्वायत्त अधिकारको प्रयोग र स्थानीय स्रोत साधनको परिचालन गर्न नगरपालिकाको राजस्व प्रशासन क्षमता सुधार गर्नुपर्ने देखिएको छ । नगरपालिकाले उपयूक्त मानव स्रोतको ब्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ राजस्व शाखाको ब्यवस्था गर्नुपर्ने देखिन्छ । राजस्व शाखाको स्तरोन्नति, कर्मचारीको स्पष्ट कार्य विवरण, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना, उत्प्रेरणात्मक विधिहरूको अवलम्वन, नागरिक केन्द्रित राजस्व प्रशासन जस्ता पक्षहरूलाई सम्वोधन गर्ने गरी राजस्व प्रशासनलाई सुधार गर्ने विषय यस कार्ययोजनामा समेटिएका छन् ।

आन्तरिक स्रोतको प्रभावकारी परिचालनका लागि स्थानीय तहहरूमा स्पष्ट ऐन, नीति एवं कार्ययोजना, आवश्यक संगठनात्मक ब्यवस्था, दक्ष जनशक्ति र यथेष्ट सूचना तथा तथ्यांकहरूको उपलब्धता हुन जरुरी छ । हाल स्थानीय तहको संगठन र संरचना निर्माण भईरहेको सन्दर्भमा सबै पक्षहरूमा नगरपालिकाको यथोचित ध्यान नपुगेका कारण आन्तरिक स्रोत अनुमान स्पष्ट, पारदर्शी र यथार्थपरक हुन सकिरहेको छैन । यस अध्यनमा नगरपालिकाको आन्तरिक आय वृद्धिका क्षेत्र तथा सम्भावनाहरूको विश्लेषण गर्दै नगरपालिकाले आगामी दिनमा गर्नुपर्ने राजश्व सुधारका कृयाकलापहरुलाई कार्ययोजनाको रुपमा समावेश गरिएको छ । अध्ययनमा यस नगरपालिकाले राजस्व वृद्धि गर्नका लागि विस्तृत रुपमा करका विविध क्षेत्रहरूको अध्ययन गर्नुका साथै करको कम्प्युटर सफ्टवेयर विकास गरी कर प्रसाशनलाई प्रभावकारी गर्न सिफारिस गर्दछ ।

नगरपालिकोको एकल अधिकारका रुपमा प्राप्त सम्पत्ती कर, घर जग्गा बहाल कर र ब्यावसाय कर मूख्य करका आधारहरू हुन् । नगरपालिकाले सेवा पुऱ्याए वापत लगाउन सकिने सेवा शल्क र दस्तुरहरूको समेत यस नगरपालिकामा राम्रो सम्भावना देखिएको छ । यस कार्ययोजनाको कार्यन्वयन पश्चात बाँसगढी नगरपालिकालाई आगामी आ.व.हरू २०७५/०७६,२०७६/०७७ र २०७७/०७८ मा क्रमशः ३ करोड, ४ करोड र ५ करोडको हाराहारीमा अन्तरिक आय हुने देखिन्छ ।

संविधान तथा अन्य प्रचलित कानूनले स्थानीय सरकारलाई प्रदान गरेको अधिकार र जिम्मेबारी अनुरुप नगरपालिकाले लक्ष्य, उद्देश्य अनुसार पूर्ण रुपमा सेवा दिन सकिरहेको अवस्था छैन । नगरपालिकाको लागि चाहिने भौतिक तथा नीतिगत तहमा विभिन्न पक्षमा सुधारका कार्य गर्नु आवश्यक देखिन्छ । यस राजस्व सम्बन्धी अध्ययनले बाँसगढी नगरपालिकाको मौजुदा राजस्व प्रणाली, ब्यवस्थापन तथा स्थितिको बारेमा समग्र अध्ययन गरेको छ । यस दस्तावेजमा हालको परिवर्तित ब्यवस्था अनुसार राजस्व परिचालनका क्षेत्रमा गर्नुपर्ने कृयाकलापहरूको पहिचान र योजनाका साथमा अगामी आर्थिक वर्षहरुमा संकलन हुन सक्ने राजस्वको प्रक्षेपण समेत समेटिएकाले नगरपालिकाको आन्तरिक आयको उच्चतम् परिचालनको लागि यसले मार्गदर्शन गर्नेछ ।

# विषय सूची

**परिच्छेद – एक : परिचय ........ ७**
१.१ पृष्ठभूमि ........ ७
१.२ अध्ययनको उद्देश्य ........ ८
१.३ अध्ययन विधि तथा प्रक्रिया ........ ८
१.३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ........ ८
१.३.२ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास ........ ९
१.३.३ प्रारम्भिक बैठक तथा अभिमुखिकरण कार्यक्रम ........ ९
१.३.४ तथ्याङ्क संकलन तथा विश्लेषण ........ ९
१.३.५ कार्यशाला गोष्ठी आयोजना ........ ९
१.३.६ मस्यौदा प्रतिवेदन ........ १०
१.४ अध्ययनको सीमा ........ १०
**परिच्छेद – दुई : राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन ........ १२**
२.१ बाँसगढी नगरपालिकाको संक्षिप्त परिचय ........ १२
२.२ नगरपालिकाको संगठन स्वरुप ........ १७
२.३ राजस्व परिचालन सम्बन्धि नीतिहरु : ........ १७
२.४ नगरपालिकाको आय समीक्षा ........ २०
२.४.१ नगरपालिकाको संचित कोष ........ २०
२.४.२ आय परिचालनको वर्तमान अवस्था ........ २१
२.४.३ नगरपालिकाको यथार्थ तथा प्रस्तावित आय विवरण ........ २३
**परिच्छेद – तीन : आन्तरिक आय सम्भावना विश्लेषण ........ २८**
३.१ नगरपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........ २८
३.२ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरु ........ ३०
३.३ राजस्व प्रशासन तथा नीति सम्बन्धी सवालहरु ........ ३२
३.४ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ ३२
**परिच्छेद – चार : राजस्व सुधार कार्य योजना ........ ४५**
४.१ राजस्व सुधार कार्य योजना ........ ४५
४.२ राजस्व सुधार कार्य योजनाका आधारमा राजस्व प्रक्षेपण ........ ४९
४.३ निष्कर्ष ........ ५७
**अनुसूचीहरु ........ ५९**
अनुसूची : १ तथ्याङ्क/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सुची ........ ६०
अनुसूची २ : प्रारम्भिक अभिमुखिकरणको कार्यक्रम तालिका तथा उपस्थिति विवरण ........ ६९
अनुसूची ३ : कार्यशालाको कार्यक्रम तालिका तथा उपस्थिति विवरण ........ ७०
अनुसूचि ४ : प्रारम्भिक अभिमुखि कार्यक्रम तथा कार्यशाला गोष्ठीका केही फोटाहरु ........ ७५

# परिच्छेद – एक : परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकारलाई संविधान प्रदत्त २२ एकल अधिकार र संघ तथा प्रदेश सरकारसँगको साझा अधिकारको परिपालना नगरपालिकाका लागि थप अवसरको रुपमा प्राप्त भएका छन् । नगरपालिकाको वार्षिक तथा आवधिक योजनाहरु यिनै अधिकारको आधारमा बनाउने गरिन्छ । अधिकांश योजनाहरु खर्च सँग सम्बन्धीत पर्दछन । यस राजस्व सुधार कार्ययोजना बाँसगढी नगरपालिकाको आम्दानीको क्षेत्र बढाउनका लागि बनाईएको कार्ययोजना हो जुन यस नगरपालिकाको तीन वर्षका लागि तर्जुममा गरिएको छ । नगरपालिकाले यस कार्ययोजनालाई आवश्यकता अनुसार समय समयमा पुनरावलोकन गरी सुधार गर्दै जान सक्नेछ ।

नेपालको संविधान र प्रचलित कानूनले आर्थिक तथा प्रशासनिक सक्षमताका आधारमा भंसार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आयकर लगाउने अधिकार संघीय सरकारलाई दिएको छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर, मनोरन्जन कर, विज्ञापन कर, कृषिमा आयकरलगाउने अधिकार प्रदेश सरकारको अधिकार क्षेत्रभित्र राखिएको छ भने मालपोत/भूमिकर, सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, घर बहाल कर र ब्यवसाय करलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । यसैगरी गैर करहरुमा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना लगाउने अधिकार संघीय सरकारलाई, पर्यटन शुल्क, सेवा शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार प्रदेश सरकारलाई र सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार स्थानीय सरकारलाई दिइएको छ । प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी केन्द्र, प्रदेश र स्थानीय सबै तहको सरकारले पाउने ब्यवस्था गरिएको छ । सबै तहले अधिकारको प्रयोग गर्दा कानुन बनाएर गर्नु पर्ने ब्यवस्था छ भने कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने ब्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने ब्यवस्था छ ।

गाउँपालिका र नगरपालिकाले राजस्व असुली तथा खर्च सम्बन्धी बिषयमा सम्बन्धित सभा समक्ष विधेयकको रुपमा प्रस्ताव राखी पारित भएको विधेयकलाई प्रमाणित गरी ऐनको रुप लिएपछि मात्र आम्दानी तथा खर्च गर्न मिल्छ । स्थानीय तहले कुनै कर लगाउदा त्यस्तो करको आधार, दर र संकलन गर्ने तौर तरिका कानूनमा ब्यवस्था गरेर मात्रै गर्नु पर्छ ।

स्थानीय तहको सीमित कराधार, स्थानीय तहबीच वित्तीय स्रोतको असमानता, खर्चको जिम्मेवारी र प्राप्त आयबीचको बढ्दो दुरी, राजस्व परिचालन क्षमताको कमी तथा स्थानीय तहहरूको आकार, जनसङ्ख्या, सेवाको आवश्यकता र वित्तीय एवम् सङ्गठनात्मक क्षमताजस्ता विषयमा रहेको विविधता आदि कारणहरूले स्थानीय तहलाई तोकिएको जिम्मेवारी पूरा गर्न आवश्यक वित्तीय स्रोतको अभाव पूर्ति गर्न अनुदान दिने गरिन्छ । नेपालको संविधानमा वित्तीय समानीकरण, शसर्त, समपुरक र विशेष अनुदान दिने ब्यवस्था गरिएको छ ।

यो दस्तावेज बाँसगढी नगरपालिकाको आन्तरिक राजस्वको वर्तमान अवस्था र सम्भाब्यताको अध्ययन गरी राजस्व संभाब्यताको उपयोगका लागि गर्नु पर्ने सुधारका कृयाकलाप पहिचान गर्दै आगामी तीन वर्षको लागि राजस्व प्रक्षेपण गर्ने कार्यमा केन्द्रित छ । प्रस्तुत प्रतिवेदन यस नगरपालिकाको राजस्व सुधार कार्य योजना

800चक्षबए० हो जसले नगरपालिकाको वित्तीय क्षमताको विकास गर्ने एवम् यसलाई सबल बनाउने र राजस्वको सम्भाब्य स्रोतको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ । यो जर्मन विकास नियोग, सिडीमुन तथा बाँसगढी नगरपालिकासँगको सहकार्यमा तयार पारिएको हो । यस दस्तावेजलाई नगरपालिकाले आवस्यकता अनुसार कार्यपालिका र नगर सभाबाट अनुमोदन गराई कार्यान्वयन गर्ने विश्वास लिइएको छ ।

## १.२ अध्ययनको उद्देश्य

नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरुको विश्लेषण गरी प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गर्नु यस अध्ययनको समग्र उद्देश्य हो । यस उद्देश्य प्राप्तिका लागि निम्नानुसारका विशिष्ट उद्देश्यहरु निर्धारण गरिएको छः

- नगरपालिकाको आय अधिकार तथा राजस्व सुधार योजनाको आवश्यकता र महत्व सम्वन्धमा प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, शाखा प्रमुखहरु तथा राजस्व प्रशासनमा सम्लग्न कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने ।
- विगत तीन बर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय बृद्धिकालागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- नगरपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आगामी तीन वर्षको संभावित आन्तरिक आयको प्रक्षेपण गर्ने ।

## १.३ अध्ययन विधि तथा प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरुको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरु प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ः

### १.३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरु संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरु देहायअनुसार रहेका छन् ः

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र ब्याख्या, २०७४

- नगरपालिकाको वस्तुगत विवरण (एचयाषभि)
- नगरपालिका को आ.व.०७४।०७५ को योजना,नीति बजेट तथा कार्यक्रम
- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरुले प्रकाशन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमूनाहरु
- नगरपालिकाबाट जारी भएका राजस्व सम्बन्धी कानून, निति तथा गरिएका निर्णयहरु

### १.३.२ तथ्याङ्क/सूचना संकलन फारम तथा सूची विकास

सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात परामर्शदाताहरु बाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको फारमहरु **अनुसूची १** मा प्रस्तुत गरिएको छ ।

### १.३.३ प्रारम्भिक बैठक तथा अभिमुखिकरण कार्यक्रम

बाँसगढी नगरपालिकामा २०७४ पौष १८ गते प्रारम्भिक बैठक तथा अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थियो । नगर प्रमुख शालिकराम अधिकारीको अध्यक्षतामा कार्यक्रम सम्पन्न गरिएको थियो । CD Mun/GIZ का श्री अरुण श्रेष्ठले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नु भएको थियो । यसैगरी परामर्शदाताको तर्फबाट डा. शेषरमण न्यौपानेले राजस्व सुधार कार्ययोजनाको महत्व र प्रकृयाको बारेमा तथ्याङ्क तथा सूचना संकलनका लागि कार्ययोजना तथा प्रकृति बारे पनि सहजिकरण गर्नु भएको थियो । नगर उपप्रमुख श्री सुष्मा चौधरी र प्रमुख प्रशासकीय अधिकृत श्री कमल प्रसाद पौडेलले नगरपालिकाको आयको अवस्थाको जानकारी गराउदै राजस्व सुधार कर्ययोजनाको आवस्यकता बारे प्रकाश पार्नु भएको थियो । सो बैठकमा राजस्व सुधारको आवस्यकता र नगरपालिकाको आन्तरिक वित्तिय क्षमता अभिबृद्धि गर्ने पक्षमा सहमति गरिएको थियो ।अभिमुखिकरण सम्बन्धी कार्यक्रम तालिका तथा सहभागीहरुको उपस्थिति विवरण यस प्रतिवेदनको **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### १.३.४ तथ्याङ्क संकलन तथा विश्लेषण

अध्ययनका क्रममा परामर्शदाताद्धारा नगरपालिकाको कार्यलय र विभिन्न शाखाहरुबाट आवश्यक तथ्याङ्कहरु संकलन गरिएको थियो । त्यस क्रममा सरोकारवाला पक्षहरुसंगको छलफल स्थलगत भ्रमण, अवलोकन आदी विधि अवलम्बन गरी समूहगत छलफल,अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई आवश्यकता अनुसार विश्लेषण गरिएको छ ।

### १.३.५ कार्यशाला गोष्ठी आयोजना

मिति २०७४ माघ २० मा नगरपालिकामा राजस्व सुधार कार्ययोजना सम्बन्धी कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । क्रार्यक्रमको पहिलो शत्रमा कार्यक्रमको उद्देश्य, अवधारणा तथा प्रकृया, राजस्व सम्बन्धी सैद्धान्तिक पक्षहरु, स्थानीय तहको राजस्व अधिकार तथा परिचालन सम्बन्धी ब्यवस्था र प्रभावकारी राजस्व प्रशासन र त्यसका पक्षहरुका बारेमा प्रस्तुती तथा छलफल गरिएको थियो । कार्यक्रमको दोस्रो शत्रमा राजस्व सम्बन्धमा परामर्शदाताका तर्फबाट नगरपालिकाको राजस्व अधिकार र परिचालन सम्बन्धी कानूनी ब्यवस्था तथा राजस्व सुधार कार्ययोजनाको औचित्यमाथि प्रकाश पारिएको थियो । त्यस लगत्तै

सहभागीहरुलाई निम्न चारसमूहमा विभाजन गरी समूहगत रुपमा राजस्व सुधार योजनाको मस्यौदा तयार गर्न लगाई सोको प्रस्तुती गरिएको थियो ।

समूह १. राजस्वका शिर्षकगत दर निर्धारण

समूह २. राजस्व सुधार योजना

समूह ३. अन्य आय संभावित क्षेत्र सुधार योजना

समुह ४. राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)

उक्त प्रस्तुतीका क्रममा विस्तृत छलफल गरी सहभागीहरुबाट आएका सुझावहरु संकलन गरी उक्त योजनाको मस्यौदा रुप तयार गरिएको थियो । समूहगत अभ्यास पश्चात्त यस अध्ययनका लागि आवश्यक थप सूचना तथा तथ्याङ्कहरुका बारेमा छलफल गरिएको थियो । कार्यक्रमको अन्त्यमा नगरपालिका प्रमुख श्री शालिकराम अधिकारीले नगरपालिकाका लागि अति आवश्यक र महत्वपुर्ण क्षेत्रमा कार्याक्रम संचालन भएकोमा सहयोगी सबैलाई धन्यवाद सहित समापन मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

कार्यशाला गोष्ठीकोकार्यक्रम तालिका तथा सहभागीहरुको उपस्थिति विवरण यस प्रतिवेदनको **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

### १.३.६ मस्यौदा प्रतिवेदन

अध्ययनका क्रममा विभिन्न स्रोतबाट संकलित तथ्याङ्कलाई पुनः परिक्षण, कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव र सल्लाहका आधारमा यस मस्यौदा प्रतिवेदन तयार गरिएको हो । उपरोक्त चरणहरु पश्चात्त तयार पारिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा सरोकारपक्षहरु तथा नगरपालिका समक्ष आवश्यक सल्लाह तथा सुझावका लागि पेश गरिएको छ । यस प्रतिवेदनमा नगरपालिकाको राजस्व सुधार कार्ययोजना, सो कार्य योजनाका आधारमा आगामी तीन आर्थिक वर्षहरुका लागि नगरपालिकाको आय प्रक्षेपण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजना क्षेत्र ब्यापक रहेको भएता पनि सीमित स्रोत साधन, प्रयाप्त सुचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरु देहाय अनुसारका रहेका छन् ः

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा सहायक स्रोतहरुबाट प्राप्त तथ्यांक तथा सूचनाहरुको आधारमा तयार गरिएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धीत कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुसंग भएको छलफलवाट प्राप्त सूचनाहरु समावेश गरिएको छ ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनकोलागि उपलब्ध गराईएको फाराम अनुसार प्राप्त तथ्यांकहरु विभिन्न कार्यालयहरुको अभिलेख तथा स्थलगत अध्ययनवाट संकलन गरिएको छ ।
- नगरपालिका तथा अन्य कार्यालयहरुवाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्वन्धी तथ्यांकहरु संकलन गरिएको छ ।

- यस अध्ययनमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ ।
- स्थानीय तहको निर्वाचन भई निर्वाचित पदाधिकारीहरु पदस्थापना भईसकेको छ तर प्रदेश तहको राजस्व सम्वन्धी  कानून तर्जुमा भएको छैन । संवैधानिक ब्यवस्था अनुरुपका उपरोक्त ब्यवस्थाहरु पुर्ण भए पश्चान यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।

# परिच्छेद – दुई : राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन

## २.१ बाँसगढी नगरपालिकाको संक्षिप्त परिचय

बाँसगढी नगरपालिका प्रदेश ५ अन्तर्गत बर्दिया जिल्लामा अवस्थित एक नगरपालिका हो । नेपाल सरकार ( मन्त्रिपरिषद्) को मिति २०७१/०८/१६ को निर्णयानुसार साविकको बेलवा, मोतीपुर र डेउडाकला तीन गा.वि.स. मिलाएर बाँसगढी नगरपालिका घोषणा भएको हो । यो नगरपालिका बर्दिया जिल्लाको सदरमुकाम गुलरियाबाट २५ कि.मी. उत्तर पूर्वमा अवस्थित छ र पूर्व पश्चिम महेन्द्र राजमार्ग यस नगरपालिकाको बीच भाग हुदै गएको छ । यस नगरपालिकाको केन्द्र साविकको बाँसगढी बजारमा रहेको छ । यस नगरपालिकामा ९ वटा वडा रहेका छन् र वडा नं १ मा बर्दिया राष्ट्रिय निकुञ्जको केहि भुभाग रहेकोले बाँसगढी हुदै पर्यटक आवतजावत गर्ने हुदा यो नगरपालिकालाइ पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ ।




### ऐतिहासिक पृष्ठभूमि तथा नामाकरणः

बाँसगढी नगरपालिका क्षेत्रमा सवैभन्दा बढि थारु जातिहरुको वसोवास रहेको छ । थारु जाति ससुराली जादा सुपो लिनु उनीहरुको परम्परा रहेको र सूपो बनाउन जंगल तिरबाट बाँस लिएर आइ हालको बाँसगढी बजार क्षेत्रमा बसी बँसको चोया बनाउने काम गरेकोले बाँसगढी नाम रहन गएको भन्ने सो क्षेत्रका पुराना मानिसहरुको भनाई रहेको छ ।



**भौगोलिक तथा प्रशासनिक अवस्थितिः**

- कुल क्षेत्रफलः २०६ वर्ग कि.मि.
- देशान्तरः ८१° २५'पुर्वदेखि ८१° ४६'पुर्वी देशान्तर
- अक्षांशः २८° १३'उत्तरदेखि २८° २४'उत्तरी अक्षांश
- तापक्रमः न्यूनतम ७.५ डिग्री सेल्सियसदेखि अधिकतम ४३ डिग्री सेल्सियससम्म
- हावापानीः उष्ण मनसुनीदेखि समशितोष्णसम्म
- उचाइः समुन्द्र सतहभन्दा  १५४ मिटर
- औसत वर्षाः ११३० मिलि लिटर बार्षिक
- स्थापनाः २०७१ साल
- प्रदेश नंः ५
- जिल्लाः बर्दिया
- वडा संख्याः ८
- केन्द्रः साविक बाँसगढी वजार

**सिमाना**

- पूर्वः बाँके जिल्ला
- उत्तरः बर्दिया राष्ट्रिय निकुञ्ज
- पश्चिमः बारबर्दिया न.पा.
- दक्षिणः बढैयाताल न.पा.

**पर्यटकीय तथा धार्मिक स्थलहरुको विवरणः**

| क्र.सं. | स्थलहरुको नाम | वडा नं. | स्थलको महत्व | कैफियत |
|---|---|---|---|---|
| १. | चेपाङ्ग वस्ती | १ | जैविक विविधता | |
| २. | केदारेश्वर धाम | ५ | धार्मिक तथा पर्यटकीय | १०८ फिट अग्लो शिवलिङ्ग, १०८ धारा |
| ३. | भसताल | ४ | पर्यटकीय | मध्यवर्ती क्षेत्रमा पर्ने |
| ४ | चयामा सिमसार क्षेत्र | २ | जैविक विविधता | |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

**वर्तमान भू-उपयोग सम्वन्धी विवरण**

| क्रं सं. | विवरण | क्षेत्रफल (वर्ग कि. मि.) |
|---|---|---|
| १ | वन तथा चरन क्षेत्र | ११४.३६ |
| २ | कृषि क्षेत्र | ८२.४ |
| ३ | नदिनालाले ओगटेको क्षेत्र | ४.१२ |
| ४ | आवास क्षेत्र | २.०६ |
| ५ | सडकले ओगटेको क्षेत्र | ०.२०६ |
| ६ | अन्य | १.० |
| | **जम्मा** | **२०६** |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

**जनसङ्ख्या सम्बन्धी विवरण**

| कुल जनसङ्ख्या | ५५,८७५ |
|---|---|
| महिला | २९,५७३ |
| पुरुष | २६,३०२ |
| परिवार संख्या | ११,२१० |
| जनघनत्व | २७१ |
| परिवारको औषत आकार | ४.९७ |
| लैङ्गिक अनुपात | ८९ |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

**वडा अनुसार घरपरिवार संख्या र जनसङ्ख्या सम्बन्धी विवरण**

| वडा नं. | घरपरिवार संख्या | जम्मा जनसङ्ख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | ४६० | २३०० | ११०४ | ११९६ |
| २ | १३०७ | ५९०२ | २७६६ | ३१३६ |
| ३ | १४६८ | ७३६६ | ३५७७ | ३७८९ |
| ४ | १५४४ | ७९३८ | ३७०९ | ४२२९ |
| ५ | १३८५ | ६१८३ | २९०३ | ३२८० |
| ६ | १२४९ | ६९६५ | ३२९१ | ३६७४ |
| ७ | ७८० | ४५१७ | २१७६ | २३४१ |
| ८ | १५२१ | ७१३८ | ३२७८ | ३८६० |
| ९ | १४९८ | ७५६६ | ३४९८ | ४०६८ |
| **जम्मा** | **११,२१०** | **५५,८७५** | **२६,३०२** | **२९,५७३** |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

**जातजातीको आधारमा जनसङ्ख्याको विवरण**

| क्र.सं. | जातजाती | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मधेशी तथा थारु | २६७७६ | ४७.९१ |
| २ | ब्राहम्ण । क्षेत्री | १८५८१ | ३३.२४ |
| ३ | दलित | ६०८६ | १०.८७४ |
| ४ | जनजाती | २६७७ | ४.७७ |
| ५ | धार्मिक अल्पसंख्यक (मुस्लिम) | ६९८ | १.२४ |
| ६ | अन्य | १०५७ | १.८८७ |
| **जम्मा** | | **५५८७५** | **१००** |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

**खानेपानीको श्रोतको आधारमा घरपरिवार संख्या सम्बन्धि विवरण**

| सि.नं. | खानेपानीको श्रोत | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | टयुबवेल / हेन्डपम्प | ९६०९ | ८५.७१ |
| २ | पाइपधारा | ९३१ | ८.३० |
| ३ | मूलको पानी | २४९ | २.२२ |
| ४ | ढाकिएको इनार / कुवा | ७८ | ०.६९ |
| ५ | अन्य | २२० | १.९६ |
| ६ | खोला / नदीको पानी | ६१ | ०.५४ |
| ७ | नढाकिएको इनार / कुवा | २७ | ०.२४ |
| ८ | उल्लेख नभएको | ३५ | ०.३१ |
| | **जम्मा** | **११,२१०** | **१००** |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

**बत्ती प्रयोगको आधारमा घरपरिवार सम्बन्धी विवरण**

| सि.नं. | बत्तीको प्रकार | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विजुली | ७७२० | ६८.८६ |
| २ | मट्टीतेल | २२६९ | २०.२४ |
| ३ | अन्य | ८३५ | ७.४४ |
| ४ | सोलार | ३५१ | ३.१३ |
| ५ | उल्लेख नभएको | ३५ | ०.३१ |
| **जम्मा** | | **११,२१०** | **१००** |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

**शैक्षिक संस्थाहरुको विवरण**

| विवरण | सामुदायिक | निजी विद्यालय |
|---|---|---|
| | **कुल साक्षरता : ९६.०६%** | |
| प्रा.वी.,नि.मा.वि.(आधारभुत) | २८ | १२ |
| मा.वी.,उ.मा.वि.(माध्यमिक) | १३ | ३ |
| क्याम्पस | २ | |
| **जम्मा** | **४३** | **१५** |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

**विद्यमान स्वास्थ्य सेवाहरु**

| **क्र.सं.** | **स्वास्थ्य सेवा** | **संख्या** |
|---|---|---|
| १ | स्वास्थ्य चौकी (HP) | ३ |
| २ | शहरी स्वास्थ्य क्लिनीक | ३ |
| ३ | क्लिनीक | १३ |
| ४ | बर्थिङ सेन्टर | २ |
| ५ | महिला स्वास्थ्य स्वयं सेविका | १०३ |
| ६ | टि.बी.उपचार केन्द्र | ४ |
| ७ | खोप केन्द्र | १८ |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

**सडक सञ्जालको विद्यमान अवस्था**

| **क्र.सं.** | **सडकको वर्गीकरण** | **लम्वाई कि.मि.** |
|---|---|---|
| १ | पूर्व-पश्चिम राजमार्ग (मानखोला देखि ग्याङ नदीसम्म) | १४.२० |
| २ | सहायक राजमार्ग (देउराली-बबई) | ८.५० |
| ३ | पक्की तथा कालोपत्रे (बाँसगढी-मैनापोखरी) | ८.६ |
| ४ | ग्राभेल सडक | ७७.५१ |
| ५ | मौसमी सडक | ६.६५ |
| **जम्मा** | | **११६.४६** |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

बैक तथा वित्तिय संघसंस्था लगायत उद्योग तथा कलकारखाना सम्बन्धी विवरण

| **सि.नं** | **बैक तथा वित्तिय संघसंस्था** | **जम्मा संख्या** |
|---|---|---|
| १ | बैक (प्राइभेट) | ६ |
| २ | सहकारी | ४३ |
| ३ | वचत तथा ऋण सहकारी संस्था | ८ |
| ४ | महिला वचत तथा ऋण सहकारी संस्था | २ |
| | **उद्योग तथा कलकारखाना** | |
| ५ | साना उद्योग | ४१ |
| ६ | मझौला उद्योग | १ |
| ७ | ठुला उद्योग | १ |

*स्रोतः बाँसगढी नगरपालिका २०७४*

## २.२ नगरपालिकाको संगठन स्वरुप

नगरपालिकाले पहिलो नगरसभाबाट देहाय अनुसारको शाखाहरु रहनेगरी नगरपालिकाको संगठन स्वरुप रहने निर्णय गरेको छ भने आवश्यकता परेमा उपशाखा समेत गठन हुन सक्ने भन्ने ब्यवस्था गरेको छ । हालको प्रशासनिक पुनर्सरचना पछि भने यो संरचनामा ब्यापक परिवर्तन भैसकेको छ ।

- प्रशासन शाखा
- आर्थिक प्रशासन शाखा
- राजस्व शाखा
- पूर्वाधार विकास शाखा
- सामाजिक विकास शाखा

नगर कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुमा हाल कार्यरत जनशक्तिको अवस्था न्यून रहेको छ । हाल नगरपालिका जम्मा २२ जना कर्मचारी (स्थायी, अस्थायी तथा करार) कार्यरत छन् । खासगरी नगरपालिका कार्यालयमा विभिन्न विषयगत शाखा र एकाईहरुको स्थापना र सञ्चालन गरी दैनिक कामकाज ब्यवस्थित गर्न आवश्यक जनशक्तिको अपुग प्रष्ट देखिन्छ । खागसगरी नीति तर्जुमा र वजेट कार्यान्वयनमा कार्यपालिकालाई सघाउ पुर्‍याउने अधिकृत स्तरका कर्मचारीहरु निकै न्यून रहेको छ ।

**राजस्व प्रशासन**

राजस्व प्रशासनको सन्दर्भमा नगरसभाले बेग्लै राजस्व शाखा रहने ब्यवस्था गरेता पनि त्यस किसिमको शाखाको संस्थागत संरचना स्थापना भैसकेको छैन । नगरपालिकाको आम्दानी र खर्च सम्वन्धी कार्यको समग्र जिम्मेवारी निजामती सेवाबाट खटि आएका लेखापालले सम्हालिरहेको अवस्था छ । लेखापाल अन्तर्गत राजस्व असुलीको कार्य हेर्ने गरी एक जना सहायक स्तरका कर्मचारीलाई जिम्मेवारी दिइएको छ । तसर्थ हाल नगरपालिकामा जम्मा २ जना कर्मचारीले प्रत्यक्ष रुपमा राजस्वको काम गरिरहेका छन् । तत्कालका लागि लेखापालले राजस्व र खर्च दुवैतर्फको कार्य जिम्मेवारी लिएको देखिन्छ ।

नगरपालिकाले राजस्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितको) शुरु गरको छ । नगरपालिकाले निजि क्षेत्रले विकास गरेको सफ्टवेयर खरिद गरि लेखा ब्यवस्थापन तथा राजस्व संकलनमा प्रयोग गरिरहेको छ । कतिपय शिर्षकहरु जस्तो निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमि कर लगायतका शिर्षकमा असुल हुने राजस्व वडा कार्यालयबाटै संकलन गर्ने ब्यवस्था रहेको छ ।

## २.३ राजस्व परिचालन सम्बन्धि नीतिहरु :

यस नगरपालिकाले राजस्व परिचालनका सम्बन्धमा छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । राजस्व परिचालनका लागि यस नगरपालिकाले हालसम्म निम्नबमोजिमका कार्यहरु अगाडी बढाएको छ :

**राजस्व परामर्श समिति**

बाँसगढी नगरपालिका, नगर कार्यपालिकाले नगरपालिकाको आन्तरिक आयको उचित ब्यवस्थापनका लागि आवश्यक राय परामर्श प्राप्त गर्न निम्न लिखित ६ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ः

***तालिका १ ः राजस्व परामर्श समिति***

| क्र.सं. | नम | पद | समिति (जिम्वेवारी) |
|---|---|---|---|
| १ | श्री सुष्मा चौधरी | उप प्रमुख | संयोजक |
| २ | कमल प्रसाद पौडेल | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | गोलरानी थारु | कार्यपालिका महिला सदस्य | सदस्य |
| ४ | हरी प्रसाद पौडेल | कार्यपालिका सदस्य | सदस्य |
| ५ | कटक बहादुर वि.सी | उ.वा.संघ, अध्यक्ष, बाँसगढी | सदस्य |
| ६ | यज्ञ बहादुर पौडेल | राजस्व शाखा प्रमुख | सदस्य सचिव |

**राजस्व सम्बन्धी नीतिगत ब्यवस्था**

क) नगर क्षेत्रवाट उठाईने विभिन्न कर,दस्तुर उठाउन विभिन्न संघ संस्थासंग साझेदारी नीति अवलम्बन गरिनेछ ।

ख) सम्पत्तिकर प्रणालीलाई मुल कर प्रणालीको रुपमा विकसित गरिने छ ।सम्पत्ति करलाई थप ब्यवस्थित गर्दै अन्य कर, तथा शुल्कहरुलाई यस करको लगत प्रणालीसंग आवद्ध गरी प्रभावकारी रुपमा असूल गरिनेछ ।

ग) नगरपालिकामा दर्ता तथा नविकरण गराएर मात्र ब्यवसाय संचालन गर्न प्रोत्साहित गरिने छ र उद्योगहरुलाई प्रोत्साहन गर्न करको दायरामा ल्याउन पहल गरिनेछ ।

घ) नगर क्षेत्रभित्र नियमित रुपले वढी कर तिर्ने करदातालाई पुरस्कृत गर्ने नीति लिईनेछ ।

ङ) प्रत्येक वडामा शाखा रहित बैक सेवा संचालन गर्न बैकहरुलाई प्रोत्साहन गरिनेछ ।

च) नगरपालिकाको कर प्रणाली र खर्च प्रणालीलाई क्रमशः कम्प्यूटर सफ्टवयर प्रणालीमा लगिनेछ ।

छ) पसल कवल तथा ब्यापारिक मल (Shopping Complex) तथा ब्यवस्थित तरकारी बजार निर्माण गरी सम्पति बहाल आम्दानी (Asset Rental Revenue ) आम्दानीमा बृद्धि गरिनेछ ।

ज) नगर क्षेत्रभित्र रहेका नदी तथा सार्वजनिक जग्गाहरुलाई ब्यवस्थित गरी ब्यावसायिकरुपमा संचालन गर्ने ब्यवस्था मिलाइनेछ ।

झ) निजी क्षेत्र र विभिन्न दातृ निकायहरुबाट सञ्चालन गरिने कार्यक्रम र लगानीलाई नगरपालिकाको वहुवर्षिय तथा वार्षिक कार्यक्रमसंग आवद्ध गरी स्रोत परिचालन गरिनेछ ।

ञ) नगरपालिकाले संचालन गर्दै आएका सम्भाब्य आयोजनाहरुको निर्माण, मर्मत तथा संचालनमा निजी क्षेत्रको सहभागिता बढाउंदै लगिनेछ ।

**उल्लेखित नीतिहरुको कार्यान्वयनार्थ नगरसभाले राजस्व प्रशासन संग सम्बन्धित देहाय बमोजिमको नितिगत निर्णयहरु गनुपर्ने देखिन्छ ।**

- नगरपालिकाले लागु गर्ने सक्ने सबै कर, दस्तुर र शुल्कहरुको दर निर्धारण गर्ने ।
- आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका, विनियम निर्माण गरि सभा तथा कार्यपालिकावाट पारित गराई लागु गर्नु पर्ने ।
- नगरपालिका अन्तर्गतका ऐलानी पर्ती जग्गाहरुको पहिचान गरी नगरपालिकाको अधिनमा रहने प्रवन्ध मिलाउन र सो पहिचान गरिएका ऐलानी पर्ती जग्गावाट आय आर्जन गर्ने ब्यवस्था मिलाउनु पर्ने ।
- ऐलानी पर्ती जग्गा ओगटी बसोवास गरी वसेका ब्यक्तिहरुले भोग गरेको जग्गाको एकिन गरी करको दायरा भित्र ल्याउने ब्यवस्था गर्नु पर्ने ।
- यस नगरपालिका अन्तर्गतको प्राकृतिक सम्पदा ताल,पोखरी,वनजंगल,नदिनाला आदिको संरक्षण र विकास गर्ने प्रवन्ध मिलाई नगरपालिकाको अधिनमा रहने प्रवन्ध मिलाउनुका साथै त्यस्ता सम्पदाहरुबाट नगरपालिका को आय आर्जन हुने ब्यवस्था गर्न करको दायरा भित्र ल्याउनुपर्ने ।
- मठ मन्दिर लगायत अन्यको नाउमा रहेको गुठी एवं सार्वजनिक जग्गाको एकिन गरी त्यसवाट प्राप्त हुने आयश्रोतको उचित प्रवन्ध गर्ने र चुहावट हुनबाट रोकी त्यस्ता क्षेत्रहरुको पर्यटन प्रवर्द्धनको ब्यवस्था गर्नु पर्ने ।
- सडक, पुल लगायतका सेवा उपभोग वापत आय आर्जन गर्ने र गर्न सकिने क्षेत्रहरुको यकिन गरी राजस्व वृद्धिको ब्यवस्था मिलाउनु पर्ने ।
- नगर क्षेत्र भित्रका विभिन्न सार्वजनिक एवं वसपार्क लगायतका स्थानहरुमा सवारी पार्किËको ब्यवस्थाका गरी पार्किË शुल्क असुली गर्ने ब्यवस्था मिलाउनु पर्ने ।
- यस नगरपालिका क्षेत्र भित्र संचालन हुने हाट बजारको उचित ब्यवस्थापन गरी आयआर्जन गर्ने ब्यवस्था मिलाउनु पर्ने ।
- घरनक्सा को परिभाषा भित्र पर्ने यस नगरपालिका अन्तर्गतका सवै वडाहरुका पूराना घरहरुलाई घरनक्साको दायरा भित्र ल्याउन सूचना प्रकाशन गरी अभिलेखिकरण गर्ने र नयाँ वनाईने घरहरुको नक्सा पासको ईजाजत लिएर मात्र घरहरु वनाउन पाउने ब्यवस्था मिलाउनु पर्ने । र नयाँ घरहरु भुकम्प प्रतिरोधात्मक हुनुपर्ने ।
- रिक्सा,ठेला,ई-रिक्सा लगायतका अन्य सवारी साधन नगरपालिकामा दर्ता र नविकरणको प्रवन्ध गरी करको दायरा भित्र ल्याउने ब्यवस्था मिलाउनु पर्ने ।
- राजस्व वृद्धिका लागी विभिन्न क्षेत्रका सरोकारवालाहरु संग समन्वयको प्रवन्ध मिलाउनुपर्ने ।
- स्थानिय उद्योग वाणिज्य संघसंग सहकार्य र समन्वय गरी राजस्व वृद्धि गर्ने कार्यक्रम संचालन गर्नुपर्ने ।
- उद्योग वाणिज्य संघ र ब्यवसायीहरु संग सहकार्य गरी ब्यवसाय दर्ता गर्ने र ब्यवसाय कर असुल गर्ने तथा अन्य सरोकारवाल संग छलफल एवं सहकार्य गरी कर सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागु गर्नु पर्ने ।

- विज्ञापन तथा होडिङ्ग वोर्ड सम्बन्धी कर असुल गर्नको लागी आवश्यक पहल गर्नु पर्ने ।
- करदाता शिक्षा कार्यक्रम संचालन गर्नु पर्ने ।
- कर चुहावट लाई न्यूनिकरण गर्नु पर्ने ।
- राजस्व तथा कर दस्तुर असुल गर्नको लागी सबै वडाहरुमा घुम्ती सेवा चौमासिक/वार्षिक रुपमा संचालन गर्नु पर्ने ।
- करदाता सेवा कार्यालय र अन्य संस्थाहरु संग समन्वय गरी कर असुलीलाई प्रभावकारी गर्नु पर्ने ।
- करका दायराहरु वढाउने कार्यक्रमहरु बढी भन्दा बढी संचालन गर्नु पर्ने ।
- आन्तरिक श्रोतलाई वृद्धि गर्नको लागी विभिन्न खालको प्रवर्द्धनात्मक एवं जनचेतनामूलक क्रियाकलापहरु संचालन गर्नुपर्ने ।
- नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा निर्माण सम्पन्न भएका ब्यापारिक भवन, पार्क, लगायतका पुर्वाधार तथा नगरपालिको आफनै लगानीमा निर्माण भएका आयमुलक पुर्वाधारहरुको दिगो तथा प्रभावकारी उपयोग गरी स्रोत परिचालन गर्नुपर्ने ।
- नगर विकास कोषको ऋण तथा अनुदान लगानीमा नगरको मुख्य ब्यापारिक क्षेत्रमा ब्यापारिक मल निर्माण गरी नगरपालिकाको अर्को एक दिगो आय स्रोत परिचालन गर्नुपर्ने ।

## २.४ नगरपालिकाको आय समीक्षा

### २.४.१ नगरपालिकाको संचित कोष

नगरपालिकामा एक संचित कोष रहने छ । नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने छन् । कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइदैन । नगरपालिकाले अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाउनु पर्दछ । संचित कोषका श्रोतहरुका विषयमा यसरी स्पष्ट हुन सकिन्छ ।




### २.४.२ आय परिचालनको वर्तमान अवस्था

बाँसगढी नगरपालिकालाई हालको कानुनी प्रावधान अनुसार प्राप्त राजस्व अधिकारका शिर्षकहरुको परिचालन कसरी गरिएको छ जान्नु उपयुक्त हुन्छ । नगरपालिकाले उपरोक्त राजस्व शिर्षकहरु मध्ये कतिवटामा असुली गरिरहेको, कतिवटामा संकलनको निर्णय मात्र गरेको र कतिवटामा सम्भवाना भएको भनी छलफलबाट यथार्थ अवस्था प्राप्त गरिएको छ । देहायमा उल्लेखित तालिकाले नगरपालिकाको आय परिचालनको अवस्था देखाउँदछ ।

***तालिका २: आय परिचालनको वर्तमान अवस्था***

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/ नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | सम्पती कर लागु भएसंगै सम्भावना सकिएको र आगामी आ.व.बाट बक्यौता रकमा मात्र उठ्ने । | ✓ | ✓ |
| | सम्पत्ति कर | सम्भावनाको गणना तालिका ४ | ✗ | ✗ |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/ नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | | मा प्रस्तुत गरिएको छ । | | |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | सम्भावना भएको, हालसम्म नलिएको तर ल्याउन तयार रहेको । | ✗ | ✗ |
| | घर जग्गा बहाल कर | आशिंकरुपमा उठेको र सम्भावनाको गणना तालिका ५ मा प्रस्तुत गरिएको छ । | ✓ | ✓ |
| | ब्यवसाय कर | सम्भावनाको गणना तालिका ६ मा प्रस्तुत गरिएको छ । | ✓ | ✓ |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | सम्भावना प्रयाप्त रहेको | ✓ | ✓ |
| **ख.** | **अन्य राजस्व** | | | |
| | ढुङा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | प्रचुर सम्भावना रहेको | ✓ | ✓ |
| | नक्सापास दस्तुर | सम्भावना तालिका १२ मा प्रस्तुत गरिएको छ । | ✓ | ✓ |
| | ब्यक्तिगत घटना दर्ता शुल्क | भएको तर प्रभावकारी हुन नसकेको । | ✓ | ✓ |
| | वहाल विटौरी शुल्क | सम्भावना भएको । | ✓ | ✓ |
| | पार्किङ शुल्क | सम्भावना भएको, कार्यन्वयनमा ल्याउन कठीन देखिएको | ✓ | ✓ |
| | अस्पताल संचालन | सम्भावना भएको, हालसम्म नलिएको तर ल्याउन तयार रहेको । | ✗ | ✗ |
| | फोहरमैला ब्यवस्थापन शुल्क | सम्भावना भएको, हालसम्म नलिएको तर ल्याउन तयार रहेको । | ✗ | ✗ |
| | स्थानीय खानेपानी महसुल | सम्भावना भएको, हालसम्म नलिएको | ✗ | ✗ |
| | स्थानीय विद्युत महसुल | सम्भावना भएको, हालसम्म नलिएको | ✗ | ✗ |
| | केवलकार, ट्रेकिङ , कायाकिङ, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी | सम्भावना भएको, हालसम्म नलिएको तर ल्याउन तयार रहेको । | ✗ | ✗ |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/ नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | सेवा तथा व्यवसायमा सेवाशुल्क | | | |
| | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीयपुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, वसपार्क, पुल आदि) | प्रचुर सम्भावना भएको, हालसम्म नलिएको तर ल्याउन तयार रहेको । | ✓ | ✓ |
| | मूल्यांकन सेवा शुल्क | सम्भावना भएको । | ✓ | ✓ |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म) | तलिकामा प्रस्तुत गरिएको । | ✓ | ✓ |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | सम्भावनाको खोजि भएको । | ✓ | ✗ |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | सम्भावना भएका तर प्रभावकारी हुन नसकेको । | ✓ | ✓ |
| | दण्ड जरिवाना | भएको तर प्रभावकारी हुन नसकेको । | ✓ | ✓ |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकालाई प्रदान गरेको राजस्व अधिकारका क्षेत्रहरु मध्ये केही शिर्षकहरुमा यस नगरपालिकाले राजस्व संकलन गरिरहेको देखिन्छ भने संकलन नभएका क्षेत्रहरुमा उपयुक्त दररेट कायम गरी राजस्व असुल गर्नुपर्ने देखिन्छ ।

### २.४.३ नगरपालिकाको यथार्थ तथा प्रस्तावित आय विवरण

आ.व.२०७१/२०७२ को साविक गा.वि.स.को समेत र आ.व. २०७२/२०७३ र २०७३/७४ को यथार्थ आन्तरिक आय यस प्रकार रहेको छ ।

**तालिका ३ः नगरपालिकाको यथार्थ आय विवरण (रु. हजारमा)**

| क्र.सं. | आय शिर्षक | यथार्थ आय (आ.ब.) | | |
|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| १. | **आन्तरिक आय** | | | |
| १.१ | **स्थानिय कर आम्दानीतर्फ** | | | |
| | घर कर | २२६३५६.०० | ३३३८२०.०० | ३९८१६१.०० |
| | मालपोत वा भूमिकर | ८८२६५४.४९ | २०५०२५१.०० | २९०२६४९.१३ |
| | एकीकृत सम्पत्ति कर | ००.०० | ००.०० | ००.०० |
| | ब्यवसाय कर | ४३८०.०० | २८६० | १०००.०० |
| | सवारी साधन कर | ००.०० | ५००.०० | ६००.०० |
| | पटके सवारीकर | ००.०० | ००.०० | ००.०० |
| | बहाल बिटौरी शुल्क | ००.०० | ००.०० | ००.०० |
| | घर जग्गा बहाल कर | ६५०.०० | १८००.०० | १४४४१.६५ |
| | विज्ञापन कर | ००.०० | ००.०० | ००.०० |
| | ब्यवसायिक भिडियो कर | ००.०० | ००.०० | ००.०० |
| | मनोरञ्जन कर | ००.०० | ००.०० | ००.०० |
| १.२ | **गैरकर राजस्व** | | | |
| | **सेवा शुल्क** | | | |
| | सवारी पार्किË शुल्क | ००.०० | ००.०० | ००.०० |
| | खानेपानी महशुल | ००.०० | ००.०० | ००.०० |
| | विद्युत महसुल | ००.०० | ००.०० | ००.०० |
| | टेलिफोन महसुल | ००.०० | ००.०० | ००.०० |
| | पर्यटन सेवा शुल्क | ००.०० | ००.०० | ००.०० |
| | फोहरमैला ब्यवस्थापन शुल्क | ००.०० | ००.०० | ००.०० |
| | ढल निकास सेवा शुल्क | ००.०० | ००.०० | ००.०० |
| | सार्वजनिक शौचालय सेवा शुल्क | ००.०० | ००.०० | ००.०० |
| | हाटवजार सेवा शुल्क | ००.०० | ००.०० | ००.०० |
| | पशुवधशाला सेवा शुल्क | ००.०० | ००.०० | ००.०० |
| | सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | ००.०० | ००.०० | ००.०० |
| | सडक बत्ती सेवा शुल्क | ००.०० | ००.०० | ००.०० |
| | अतिथी गृह सेवा शुल्क | ००.०० | ००.०० | ००.०० |
| | अचल सम्पत्ति मूल्यांकन | ००.०० | ००.०० | ००.०० |

| क्र.सं. | आय शिर्षक | यथार्थ आय (आ.ब.) | | |
|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| | शुल्क | | | |
| | शैक्षिक विकास शुल्क | ००.०० | १५१७२८८.०० | ३८०८४५८.०० |
| | नक्सा डिजाइन शुल्क | ००.०० | ००.०० | ००.०० |
| १.२.२ | **दस्तुर** | | | |
| | दर्ता तथा नविकरण दस्तुर | ००.०० | ००.०० | ००.०० |
| | घर नक्सापास दस्तुर | ३२०४७.०० | ४९४०६६.०० | १३२१०९९.७९ |
| | सिफारिस तथा बक्सौनी दस्तुर | १०८२७८६.०० | १४६८६७०.०० | १६४०३७२.०० |
| | नाता प्रमाणित दस्तुर | ००.०० | ००.०० | ००.०० |
| | ब्यत्तिगत घटना दर्ता दस्तुर(विलम्ब) | १००७७२=०० | १७४६३०.०० | १७८४८०.०० |
| | दरभाउ वा बोलपत्र दस्तुर | ००.०० | ७५२००.०० | ७३१००.०० |
| | अन्य प्रमाणित दस्तुर | ००.०० | ००.०० | ००.०० |
| **१.२.३ विक्री** | | | ००.०० | |
| | चालु सम्पत्ति लिलाम विक्री | ००.०० | ००.०० | ००.०० |
| | स्थायी सम्पत्ति विक्री | ००.०० | ००.०० | ००.०० |
| १.२.४ | **स्रोत परिचालन** | | | |
| | सार्वजनिक निजी साझदारी | ००.०० | ००.०० | ००.०० |
| | अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्बर आदि) | ००.०० | ००.०० | ००.०० |
| १.२.५ | साँवा, ब्याज, लाभांस र वोनस | ००.०० | ००.०० | ००.०० |
| १.२.६ | अन्य आय | | | |
| | भाडा तथा वहाल | ८३८५.०० | ६७०८०.०० | १३४००३.०० |
| | मेसिन तथा औजार भाडा - बिल, ब्याक लोडर टिपर) | ००.०० | २३४६१० | ८१७३७७.०० |
| | सभागृह भाडा | ००.०० | ००.०० | ००.०० |
| | ताल, पोखरी तथा जग्गा भाडा | १९५५४७.०० | १२२७०१ | ८२१५०.०० |
| | दण्ड जरिवाना | ००.०० | ००.०० | ००.०० |
| | धरौटी फिर्ता | ००.०० | ००.०० | ००.०० |
| | पेश्की फिर्ता | ००.०० | ००.०० | ००.०० |
| | जम्मा (बिलबाट प्राप्त रकम) | ००.०० | ००.०० | **११४६४३८२.०७** |
| | टेन्डर विक्रि तथा मेसिन भाडा रकम सोझै बैंक खातामा प्राप्त | ००.०० | ००.०० | **३७१७४०७.२४** |

| क्र.सं. | आय शिर्षक | यथार्थ आय (आ.ब.) | | |
|---|---|---|---|---|
| | | **२०७१/७२** | **२०७२/७३** | **२०७३/७४** |
| | रकम | | | |
| | जम्मा | | | १५१८१७८९.३१ |
| **२.** | **वाह्य स्रोत** | | | |
| २.१ | **अनुदान** | | | |
| २.१.१ | **नेपाल सरकारबाट अनुदान** | | | |
| | नगरपालिका अनुदान | - | - | ६२५३३०००.०० |
| | चालु अनुदान | १००००००.०० | २७५००००.०० | |
| | पुजिगत अनुदान | ४२०००००.०० | २३७३२०००.०० | |
| | शशर्त पुजिगत अनुदान (भवन निर्माण) | - | ६६०००००.०० | |
| | शशर्त अनुदान | ००.०० | - | |
| | निशर्त अनुदान | ००.०० | - | |
| | अन्य नगद अनुदान [LGCDP] | २४७६०००.०० | १९१००००.०० | २४६६०००.०० |
| | स्थानिय बिकास शुल्क | ००.०० | ५३७००००.०० | - |
| | स्थानीय शान्ती समिति | ००.०० | ३६५००.०० | ००.०० |
| | वस्तुगत अनुदान | ००.०० | - | - |
| | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | - | - | १९१२९०००.०० |
| | संघिय संरचना पूर्वाधार विकास | - | - | १००००००००.०० |
| २.१.३ | **अन्य अनुदान** | | | |
| | श.भ.नि.डि.का बाढी | ००.०० | ३२००००.०० | ००.०० |
| | जि.वि.स. चालु अनुदान (सासु ०७२/०७३) | ९०७६८०.०० | - | १८५७९४४.०० |
| | जि.वि.स. योजना अनुदान | ९८१८३९०.०० | ७७४२२९.०० | |
| | सडक बोर्ड अनुदान | ००.०० | - | १३५००००.०० |
| | सामाजिक सुरक्षा भत्ता | - | ३१५२२८००.०० | ६३८७२०००.०० |
| | अन्य अनुदान | ००.०० | - | ६८००००.०० |
| २.२ | **राजस्व बँडफँडबाट प्राप्त आय** | | | |
| | ढुंगा गिट्टी बालुवा | ००.०० | ५०००००.०० | ५२७४९३०.०९ |
| | घर जग्गा रजिष्ट्रेशन | १२३०२२३.९० | ४०२६५९१.२० | |
| २.३ | बैदेशिक सहायता | ००.०० | ००.०० | ००.०० |

| क्र.सं. | आय शिर्षक | यथार्थ आय (आ.ब.) | | |
|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ |
| २.४ | अन्य अनुदान तथा निकासा | ००.०० | ००.०० | ००.०० |
| २.५ | ऋण | ००.०० | ००.०० | ००.०० |
| २.६ | सापटी | ००.०० | ००.०० | ००.०० |
| २.७ | दान चन्दा उपहार | ००.०० | ००.०० | ००.०० |
| २.८ | जनसहभागीता | ००.०० | ००.०० | ००.०० |
| २.९ | लागतसहभागीता | ००.०० | ००.०० | ९६०००.०० |
| २.१० | संस्थागत आय | ००.०० | ००.०० | ६४००००.०० |
| २.११ | अ. ल्या. | ५१३७५७.७० | ५०९१४७६.३७ | ४०००००.०० |
| | जम्मा | २२९९९६२९.०९ | ८९१७७०७२.६ | १४२२२६४१४ |

# परिच्छेद – तीन : आन्तरिक आय सम्भावना विश्लेषण

नगरपालिकालाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी ब्यवस्था समेतका आधारमा  यस नगरपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरुलाई यस परिच्छेदमा शिर्षकगत रुपमा विश्लेषण गरिएको छ ।

## ३.१ नगरपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी ब्यवस्था

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमीकर (मालपोत)
- सवारी साधन कर
- मनोरञ्जन कर
- घर बहाल कर
- विज्ञापन कर
- ब्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- पर्यटन शुल्क
- सेवा शुल्क दस्तुर (नक्सापास दस्तुर समेत)
- दण्ड जरिवाना

संघीय कानुन **(स्थानीय सरकार संचालन ऐन, २०७४)** अनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

**कर**

- एकिकृत सम्पत्ति कर वा घर जग्गा कर (तर घरजग्गा कर २०७५ असाढ मसान्तसम्म मात्र लिन पाउने)
- भूमि कर (मालपोत), सम्पत्ति कर नलगाएको अवस्थामा मात्र
- घर जग्गा बहाल कर
- ब्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी कर (टांगा, रिक्सा, अटोरिक्सा, ई-रिक्सा)
- जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वांख, छालाको ब्यवसायिक उपयोग गरे बापत

**शुल्क**

- बहाल बिटौरी शुल्क ः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ् शुल्क ः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायकिङ, बञ्जीजम्प, जिपफ्लायर, प्याराग्लाइडिङ आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा ब्यवसायमा
- आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदिमा)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ
  - ढुङा, गिट्टी, वालुवा, माटो, खरीढुङा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
- नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)
- पंजिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत
- जग्गा नाप जाच तथा कित्ता काट दस्तुर
- वस्तु तथा सेवा विक्री
- ढुङा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर

संघीय कानुन अनुसार संघिय, प्रादेशिक तथा स्थानीय सरकार बिच बाँडफाँड हुने ब्यवस्था अनुसारको राजस्व अधिकार ः

**संघ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा प्राप्त हुने**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण
- इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**स्थानीय तहमा संकलन भई बाँडफाँड हुने**

- बिज्ञापन करः स्थानीय तहले लगाउने र उठाउने, स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिशतका दरले बांडफांड हुने
- मनोरञ्जन करः दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने, स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिशतका दरले बांडफांड हुने
- घर जग्गा रजिष्ट्रेशन शुल्क ः दर निर्धारण प्रदेशले गर्ने र स्थानीय तहले संकलन गर्ने, स्थानीय तहलाई ६० र प्रदेशलाई ४० प्रतिशतका दरले बांडफांड हुने

**प्रदेश तहबाट संकलन भइ बाँडफाँड हुने**

- सवारी साधन (टांगा, रिक्सा, अटो रिक्सा, विद्युतिय रिक्सा बोहक) करको दर निर्धारण तथा संकलन प्रदेशले गर्ने र प्रदेशले ६० र स्थानीय तहले ४० प्रतिशतका दरले पाउने गरी बांडफांड हुने ।

## ३.२ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरु

नगरपालिकालाई उपलब्ध वित्तीय अधिकार अनुकुल राजस्व परिचालनमा सुधार ल्याउनको लागि तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । राजस्व परिचालनमा नगरपालिकाले सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरु देहाय बमोजिम रहेका छन् ः

**कानुनी तथा नीतिगत व्यवस्था**

नेपालको संविधान तथा संघिय कानुनले प्रदान गरेका राजस्व अधिकार सम्बन्धी प्रावधानहरुको व्यवस्थित कार्यान्वयन र राजस्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरु समयमै तयार गरि नगरसभा बाट पारित गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**उपयुक्त संगठन निर्माण**

उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि वेग्लै राजस्व शाखाको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यसैगरि वडा कार्यालयहरुको समेत क्षमता अभिवृद्धी गरि वडा कार्यालयहरु मार्फत् नै राजस्व संकलनको प्रभावकारी प्रणाली व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरुको प्राथमिकीकरण**

कर तथा राजस्व सम्बन्धी दायरा र क्षेत्रका सम्बन्धमा आवश्यक विवरण, जानकारी तथा अभिलेख नगरपालिकामा छैन । नगरपालिकाले संकलन गर्न सक्ने विभिन्न कर, शुल्क तथा दस्तुरका दायरा तथा दरहरुको विवरण आवधिकरुपमा अद्यावधिक गरि राजस्वका विभिन्न स्रोतहरुको प्राथमिकिकरणका आधारमा नयाँ स्रोतहरुको पहिचान तथा विद्यमान स्रोतहरुको दायरा विस्तार गर्दै राजस्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ ।

**विभिन्न आयमूलक कार्यक्रम**

आफ्नो आन्तरिक आयक वृद्धिका लागि विद्यमान सम्पतिको परिचालन गरी व्यवसायिक सेवामूलक तथा आयमूलक कार्यक्रमहरु पनि सञ्चालन गर्न आवश्यक देखिन्छ । यसका लागि निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित गरी नयाँ वस्तु र सेवाको उत्पादन तथा ब्यापार गर्न सक्दछ ।

**पारदर्शिता र जवाफदेहिता**

प्रभावकारी राजस्व प्रशासनकालागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुाणस्तरीय, पारदर्शी र नागरिकप्रति जवाफदेही हुन आवश्यक छ । आय व्ययको विवरण आवधिक रूपमा प्रकाशनमा ल्याउनु यस दिशातर्फको सकारात्मक कदम हुन सक्दछ । सlलित राजस्व सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ ।

**संघीय ब्यवस्था अनुसार राजस्व संकलन**

संघीय ब्यवस्था अनुसार राजस्व संकलनकोलागि कानूनी ब्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजस्व शिर्षकहरुमा समन्वयात्मक तरिकाले राजस्व संकलन गर्नु तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ ।

## ३.३ राजस्व प्रशासन तथा नीति सम्बन्धी सवालहरु

नगरपालिकाको विद्यमान राजस्व ब्यबस्थालाई अध्ययन र विश्लेषण गर्दा यस नगरपालिकाको राजस्व परिचालनमा निम्न मुद्दाहरु रहेको देखिन्छः

- राजस्व प्रशासन सम्बन्धी आवश्यक नीति, ऐन, नियम तथा कार्यविधिहरु तयार नहुनु ।
- राजस्वप्रशासनका लागि आवश्यक कर्मचारी, तालिम तथा कार्य सम्पादन मूल्यांकन नहुनु ।
- राजस्वसम्बन्धी ब्यवस्थित र पूर्ण अभिलेख नहुनु ।
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरुको दायरा विस्तारमा विशेष पहल नगर्नु ।

## ३.४ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस शिर्षक अन्तर्गत नगरपालिकाले प्रचलित कानून बमोजिम आन्तरिक स्रोत तर्फ संकलन गर्ने राजस्व मध्ये यस नगरपालिकाले हाल उठाइरहेका विद्यमान तथा संभावित नयाँ आय क्षेत्रहरुको संभावनाको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

**क) भुमीकर (मालपोत)**

नगरपालिकाले सम्पत्ति कर लागु गरेको अवस्थामा मालपोत वा भुमीकर स्वतः खारेज हुन्छ । यस नगरपालिकाले एकीकृत सम्पत्ति कर लागु गरिनसकेको हुदा हालसम्म मालपोत उठाइ आएको छ । नगरपालिकाले आगामी वर्षदेखि सम्पत्ति कर लगाउने योजना रहेको हुदा आगामी वर्षहरुमा मालपोत आय प्रक्षेपण गर्दा बक्यौता मालपोतको मात्र संभावना विश्लेषण गरिएको छ ।

तर, नेपाल सरकारले हालै पेश गरेको आर्थिक विधेयक, २०७५ संसदमा विचाराधीन रहेको र यो विधेयकले स्थानीय सरकार संचालन ऐनको दफा ५५ र ५६ खारेज गरी एकीकृत सम्पत्ति कर सम्बन्धी विद्यमान कानूनी ब्यबस्थामा परिवर्तन गरेको र सम्पत्ति कर नलागेको जग्गामा भूमीकर (मालपोत) लगाउन सक्ने अवस्था सृजना गर्ने भएकोले विधेयक यथावत अवस्थामा स्वीकृत भएको खण्डमा मालपोत रकमको आयमा बृद्धि हुने भएकोले नगरपालिकाले यस प्रतिबेदनलाई पनि पुनरावलोकन गरी प्रक्षेपित आयमा समेत परिमार्जन गर्नु पर्ने देखिएको छ ।

**ख) घरजग्गा कर**

यस नगरपालिकामा आगामी आर्थिक वर्ष देखि सम्पत्ति कर लागु गर्ने नीतिगत निर्णय गरेसंगै घरजग्गा कर स्वतः खारेज हुनेछ ।

**ग) सम्पत्ति कर**

हालसम्म नगरपालिकाले सम्पत्ति कर लागु गरेको छैन । संघीय कानुनले यो कर लागु गर्नका लागि राखेको प्रावधान तथा नगरपालिकाको नगरसभाले समेत आगामी आ.व.देखि सम्पत्ति कर लागु गर्ने भनि नीतिगत निर्णय गरिसकेको हुँदा आगामी आ.व. २०७५/७६ देखि यस नगरपालिकामा सम्पत्ति कर लागु हुने निश्चित छ । यस नगरपालिकामा करिब ११ हजार ५०० घरधुरी रहेकोमा सम्पत्ति करका करदाताको संख्या १७ हजार ८५० सम्म हुन सक्ने अनुमान रहको छ । अनुमानित करदाताको संख्या तथा सम्पत्ति करको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको सम्भावना देहायबमोजिम देखिन्छः

**<u>तालिका ४ ः सम्पत्ति कर सम्भावनाको गणना</u>**

| क्र.सं. | सम्पत्तिको औसत मूल्यांकन | अनुमानित करदाता संख्या | औसत करको दर | सम्भाव्य आम्दानी |
|---|---|---|---|---|
| १ | ५ करोड भन्दा ज्यादा सम्पत्ति भएका | ५० | ६५००० | ३२५०००० |
| २ | २ करोड देखि ५ करोड सम्म सम्पत्ति भएका | ३०० | ३५००० | १०५००००० |
| ३ | १ करोड देखि २ करोड सम्म सम्पत्ति भएका | ५०० | १५००० | ७५००००० |
| ४ | ५० लाख देखि१ करोड सम्म सम्पत्ति भएका | १५०० | ४००० | ६०००००० |
| ५ | ३० देखि ५० लाख सम्पत्ति भएका | २५०० | १५०० | ३७५०००० |
| ६ | १० देखि ३० लाख को सम्पत्ति भएका | ४००० | ७०० | २८००००० |
| ७ | १० लाख को सम्पत्ति भएका | ३००० | ३०० | ९००००० |
| ८ | ५ लाख सम्म सम्पत्ति भएका | ६००० | १०० | ६००००० |
| **जम्मा** | | १७८५० | | ३५३००००० |
| पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ४० | | | | १४१२०००० |
| दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५५ | | | | १९४१५००० |
| तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ७५ | | | | २६४७५००० |

सम्पत्ति करको कुल सम्भावना करिब ३ करोड ५३ लाख भएता पनि यस क्षेत्रका स्थायी वासिन्दाको संख्या तथा कार्यशालाको दौरान छलफलबाट प्राप्त निश्कर्ष अनुसार करिब ४० प्रतिशत करदाताहरु तत्कालै यो करको दायरामा आउन सक्ने अनुमान गरिएको छ । यसर्थ आगामी आ.व. (२०७५।७६) मा यो कर बापत नगरपालिकाले करिब रु. १ करोड ४१ लाख २० हजार संकलन गर्ने अनुमान गरिएको छ ।

तर, हाल संसदमा विचाराधीन रहेको आर्थिक विधेयक २०७५ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सोले चर्चेको (प्लेन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने र यस प्रयोजनको लागि "चर्चेको जग्गा" भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा पाच हजार चार सय छहत्तर वर्ग फीट जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्छ भन्ने व्यबस्था गरेको र यसरी सम्पत्ति कर लगाउने भनि तोकेको घरजग्गा बाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने भनी नयां व्यबस्था गरेसैगै यो विधेयक यथावत रुपमा स्वीकृत भएको अवस्थामा नगरपालिकाको एकीकृत सम्पत्ति करको माथि उल्लिखित संभावनामा ठूलो परिवर्तन हुने हुदा नगरपालिकाले यस प्रतिबेदनलाई पुनरावलोकन गरी प्रक्षेपित आयलाई समेत परिमार्जन गर्न पर्ने देखिएको छ ।

क्रमशः आगामी ३ आर्थिक वर्ष करको दायरामा समेटिई बाँसगढी नगरपालिकालाई निम्नानुसारको सम्पत्ति कर संकलन हुने अनुमान गरिएको छ ।




**घ) घरजग्गा वहाल कर**

